NSW Health

# पहिलो अनुरोध बिरामी जानकारी निर्देशिका

स्वेच्छिक सहायताप्राप्त मरण

First request patient information guide
Voluntary assisted dying

Nepali

health.nsw.gov.au/vad

## पहिले अनुरोध बिरामी जानकारी निर्देशिका: यदि तपाईंले NSW मा स्वेच्छिक सहायताप्राप्त मृत्युको लागि पहिलो अनुरोध गर्नुभएको छ भने जानकारी

यस गाइडमा केही कानुनी र चिकित्सा क्षेत्रका शब्दहरू छन्। यदि तपाईंलाई यी शब्दहरू बुझ्न मद्दत चाहिन्छ भने, तपाईंले आफ्नो डाक्टरसँग कुरा गर्न सक्नुहुन्छ वा **NSW स्वेच्छिक सहायताप्राप्त मृत्यु हेरचाह नेभिगेटर सेवा (NSW Voluntary Assisted Dying Care Navigator Service) लाई 1300 802 133** मासम्पर्क गर्न सक्नुहुन्छ।

तपाईंले **अनुवाद र दोभाषे सेवा (TIS National) लाई 131 450 मा** फोन गर्न सक्नुहुन्छ र यदि तपाईंलाई भाषा सहायता चाहिन्छ भने Voluntary Assisted Dying Care Navigator Service मा फोन लगाईदिन अनुरोध गर्नुहोस्।

**याद गर्नुहोस्, तपाईंले औषधि लिइसकेपछि पनि, कुनै पनि समयमा स्वेच्छिक सहायताप्राप्त मृत्यु प्रक्रिया थमौती गर्न वा रोक्न सक्नुहुन्छ। यदि तपाईं चाहनुहुन्न भने तपाईंले प्रक्रिया जारी राख्न आवश्यक छैन। तपाईंले कारण बताउन आवश्यक छैन।**



SHPN (OCHO) 230868-8
ISBN 978-1-76023-661-8
© NSW Ministry of Health 2023

| Version control | | |
|---|---|---|
| **Version** | **Date** | **Details** |
| 1.0 | 17 November 2023 | Approved by NSW Health Secretary |

# NSW मा स्वेच्छिक सहायताप्राप्त मृत्युको बारेमा मुख्य जानकारी

योग्य व्यक्तिहरूले २८ नोभेम्बर २०२३ देखि NSW मा स्वेच्छिक सहायताप्राप्त मृत्युमा पहुँच गर्नका लागि छनौट गर्न सक्छन्

यो 'पहिलो अनुरोध बिरामी जानकारी गाइड' ले स्वेच्छिक सहायताप्राप्त मृत्युको पृष्ठभूमि र योग्यता मापदण्डको रूपरेखा दिन्छ। यसमा पहिलो अनुरोध गरेका बिरामीहरूको लागि स्वेच्छिक सहायताप्राप्त मृत्यु प्रक्रियाको बारेमा जानकारी छ (स्वेच्छिक सहायताप्राप्त मृत्युमा पहुँच गर्न डाक्टरलाई औपचारिक अनुरोध)।

यदि तपाईं एक चिकित्सा व्यवसायी (डाक्टर) लाई स्वेच्छिक सहायताप्राप्त मृत्युमा पहुँच गर्न पहिलो अनुरोध गर्नुहुन्छ भने, तिनीहरूले तपाईंको पहिलो अनुरोध स्वीकार गर्छन् कि गर्दैनन् भनेर तपाईंलाई बताउनुपर्छ (पहिलो अनुरोध गर्नेबारेमा थप जानकारीको लागि तल *'चरण १: पहिलो अनुरोध'* हेर्नुहोस्)।

केही चिकित्सकहरूले मात्र तपाईंको पहिलो अनुरोध स्वीकार गर्न सक्छन्। यी चिकित्सकहरूलाई अधिकृत स्वेच्छिक सहायताप्राप्त मृत्युको चिकित्सा अभ्यासकर्ता भनिन्छ। एक चिकित्सा अभ्यासकर्ताले अधिकृत चिकित्सक बन्नको लागि विशेष प्रशिक्षण पूरा गर्नुपर्दछ।

यदि एक चिकित्सा अभ्यासकर्ताले तपाईंको पहिलो अनुरोध स्वीकार गर्दछ भने, तिनीहरूले तपाईंलाई स्वेच्छिक सहायताप्राप्त मृत्यु प्रक्रियाको अर्को चरणको बारेमा स्पष्ट जानकारी प्रदान गर्नेछन्।

यदि एक चिकित्सा अभ्यासकर्ताले तपाईंको पहिलो अनुरोध स्वीकार गर्दैन भने, यो हुन सक्छ कि तिनीहरू एक अधिकृत चिकित्सक होइनन्। यस अवस्थामा, तपाईंले आफ्नो सामान्य चिकित्सक, उपचाररत चिकित्सा टोलीसँग कुरा गर्नुपर्छ वा NSW Voluntary Assisted Dying Care Navigator Service लाई 1300 802 133 मा फोन गर्नुपर्छ, जसले तपाईंलाई अधिकृत चिकित्सक फेला पार्न मद्दत गर्न सक्छ।

स्वेच्छिक सहायताप्राप्त मृत्युमा पहुँच गर्न कडा योग्यता मापदण्डहरू छन्। तपाईंले सबै मापदण्डहरू पूरा गर्नुपर्छ र यी तल उल्लिखित छन्।

तपाईंको जीवनको अन्त्यमा तपाईंलाई उपलब्ध विकल्पहरूको बारेमा जान्नु महत्त्वपूर्ण छ। यसमा उपशामक हेरचाह र अन्य उपचार विकल्पहरू समावेश छन्। यदि तपाईं स्वेच्छिक सहायताप्राप्त मृत्युको माग गर्नुहुन्छ भने पनि, तपाईं उच्च गुणस्तरको उपशामक हेरचाह र उपचारमा पहुँच गर्न सक्नुहुन्छ।

यस गाइडको अन्त्यमा तपाईंको लागि  उपलब्ध सहायताको बारेमा जानकारी छ।

# पृष्ठभूमि

## स्वेच्छिक सहयोगप्राप्त मरण (Voluntary Assisted Dying) भनेको के हो?

स्वेच्छिक सहायताप्राप्त मरणको अर्थ एक योग्य व्यक्तिले आफ्नो जीवन समाप्त गर्न चिकित्सा सहायता माग्न सक्छ। सो व्यक्तिसँग एक जटिल र दीर्घ रोग, बिमारी, वा चिकित्सा अवस्था हुनुपर्दछ जसबाट उनीहरूको मृत्यु छ महिना (वा मोटर न्यूरोन रोगजस्ता स्नायु खराब हुने रोगहरूको लागि १२ महिना) भित्र हुने अपेक्षा गरिन्छ। तिनीहरूले त्यस्तो दु:खको पनि अनुभव गरिरहेको हुनुपर्छ जसमा उनीहरूलाई स्वीकार्य हुने तरिकाले राहत दिन सकिँदैन।

## NSW मा स्वेच्छिक सहायताप्राप्त मृत्युको लागि को योग्य छ?

तपाईंले NSW मा स्वेच्छिक सहायताप्राप्त मृत्युमा तब मात्र पहुँच गर्न सक्नुहुन्छ यदि तपाईंले सबै योग्यता मापदण्डहरू पूरा गर्नुहुन्छ र NSW स्वेच्छिक सहायताप्राप्त मृत्यु बोर्ड (NSW Voluntary Assisted Dying Board) बाट स्वीकृति प्राप्त गर्नेलगायत कानूनमा उल्लिखित प्रक्रियाको पालना गर्नुहुन्छ।

स्वेच्छिक सहायताप्राप्त मृत्युमा पहुँचको लागि योग्य हुन, तपाईं:

१. वयस्क (१८ वर्ष वा माथिका) हुनुपर्छ जो:
   क. अष्ट्रेलियन नागरिक हो, वा
   ख. अष्ट्रेलियाको स्थायी बासिन्दा हो, वा
   ग. तपाईंले आफ्नो पहिलो अनुरोध गर्दा कम्तिमा तीन वर्षदेखि अष्ट्रेलियामा बसोबास गर्दै हुनुहुन्छ।

२. तपाईंले आफ्नो पहिलो अनुरोध गर्दा कम्तिमा १२ महिनासम्म NSW मा सामान्यतया बसोबास गर्नुभएको छ (*तल हेर्नुहोस्)।

३. कम्तिमा एउटा रोग, बिमारी वा चिकित्सा अवस्था छ जुन:
   क. धेरै विकसित र बढ्दै छ,
   ख. सम्भावनाहरूको सन्तुलनमा, छ महिनाभित्र (वा मोटर न्यूरोन रोगजस्ता स्नायु क्षीण गर्ने रोगहरूको लागि १२ महिनाभित्र) तपाईंको मृत्युको कारण हुनेछ, र
   ग. तपाईंलाई सहनयोग्य ठान्ने तरिकाले राहत दिन नसकिने पीडा दिइरहेको छ।

४. तपाई स्वेच्छिक सहायताप्राप्त मृत्युको सम्बन्धमा निर्णय गर्ने क्षमता राख्नुहुन्छ।

५. स्वेच्छाले काम गरेको हुनुपर्छ (तपाईंको आफ्नै छनौट) र अर्को व्यक्तिको दबाबको कारण होइन।

६. स्वेच्छिक सहायताप्राप्त मृत्युको लागि स्थायी अनुरोध गर्नुहुन्छ। यसको मतलब सो अनुरोध निरन्तर, लगातारको र दिगो हुन्छ।

**यदि तपाईं यी सबै मापदण्डहरू पूरा गर्नुहुन्न भने, तपाईं स्वेच्छिक सहायताप्राप्त मृत्यु अनुरोध गर्न योग्य हुनुहुने छैन।**

* यदि तपाईं कम्तिमा १२ महिनासम्म NSW मा सामान्यतया बसोबास गर्नुभएको छैन भनेपनि तपाईं NSW मा स्वेच्छिक सहायताप्राप्त मृत्युको पहुँचको लागि योग्य हुन सक्नुहुन्छ। तपाईंलाई यो हुनको लागि छुट प्रदान गरिन आवश्यक छ। तपाईंले यसको लागि NSW स्वेच्छिक सहायताप्राप्त मृत्यु बोर्डमार्फत आवेदन दिनुपर्नेछ। बसाइ छुटको बारेमा जानकारी NSW Health वेबसाइटमा उपलब्ध छ: www.health.nsw.gov.au/voluntary-assisted-dying/Pages/board.aspx

# स्वेच्छिक सहायताप्राप्त मृत्युको लागि निर्णय लिने क्षमताको अर्थ के हो?

स्वेच्छिक सहायताप्राप्त मृत्युको लागि निर्णय लिने क्षमताको अर्थ तपाईंसँग स्वेच्छिक सहायताप्राप्त मृत्यु प्रक्रियाको प्रत्येक चरणमा निम्न कार्य गर्ने क्षमता हुनुपर्दछ:

- स्वेच्छिक सहायताप्राप्त मृत्युको बारेमा तपाईंलाई दिइएको जानकारी वा सल्लाह बुझ्ने।
- तपाईंलाई दिइएको जानकारी वा सल्लाह सम्झने ताकि तपाईं स्वेच्छिक सहायताप्राप्त मरण अनुरोध गर्न सक्नुहुन्छ वा स्वेच्छिक सहायताप्राप्त मरण (a voluntary assisted dying decision) मा पहुँच गर्ने निर्णय गर्न सक्नुहुन्छ।
- स्वेच्छिक सहायताप्राप्त मृत्यु निर्णयमा संलग्न प्रक्रिया, चरणहरू र आवश्यकताहरू बुझ्ने।
- तपाईंले स्वेच्छिक सहायताप्राप्त मृत्युको निर्णय गर्दा के हुन्छ भनेर बुझ्ने। यसमा यो बुझ्नु समावेश छ कि स्वेच्छिक सहायताप्राप्त मृत्युको औषधि सेवन गर्नाले तपाईंको मृत्यु हुनेछ।
- स्वेच्छिक सहायताप्राप्त मृत्युमा पहुँच गर्ने निर्णय गर्नुअघि माथिको जानकारीलाई तौलने।
- कुरा गरेर, सञ्चार उपकरणहरू प्रयोग गरेर, वा सांकेतिक भाषा वा इशाराहरू प्रयोग गरेर स्वेच्छिक सहायताप्राप्त मृत्यु निर्णयलाई सञ्चार गर्न सक्षम हुने।

# स्वेच्छाले कार्य गर्नुको अर्थ के हो?

स्वेच्छिक रूपमा कार्य गर्नु भनेको स्वेच्छिक सहायताप्राप्त मृत्युमा पहुँचमा तपाईंले छनौट  गरेको हुनुपर्छ।

कसैले पनि तपाईंलाई दबाब दिन सक्दैन वा तपाईंलाई स्वेच्छिक सहायताप्राप्त मरण प्रक्रिया सुरु गर्न वा पूरा गर्न बाध्य पार्न सक्दैन। दबाबमा दुर्व्यवहार, जबरजस्ती, धम्की, र अनुचित प्रभाव समावेश हुन सक्छ।

कसैले तपाईंलाई स्वेच्छिक सहायताप्राप्त मृत्यु रोज्न दबाब दिनु कानूनको बिरूद्ध (गैरकानूनी) हो।

# स्वेच्छिक सहायताप्राप्त मृत्यु प्रक्रियाको समयमा दोभाषेको प्रयोग

यदि तपाईंलाई सञ्चार सहायता चाहिन्छ भने तपाईंले स्वेच्छिक सहायताप्राप्त मरण प्रक्रियाको प्रत्येक चरणमा दोभाषे प्रयोग गर्न सक्नुहुन्छ। यदि तपाईंलाई दोभाषे चाहिन्छ भने, तपाईंको चिकित्सा व्यवसायीले एकजना व्यवस्थित गर्नेछन्। कसले अनुवाद गर्न सक्छ भन्नेबारे थप जानकारी तल *'मलाई के जानकारी र सहायताहरू उपलब्ध छन्' (What information and supports are available to me)* अन्तर्गत उपलब्ध छ।

# स्वेच्छिक सहायताप्राप्त मरण प्रक्रिया

स्वेच्छिक सहायताप्राप्त मरण प्रक्रियामा ११ चरणहरू छन्। अर्को पृष्ठमा फ्लो चार्टले प्रक्रियाका मुख्य चरणहरू देखाउँछ। तपाईंको व्यक्तिगत अवस्थाको आधारमा थप चरणहरू आवश्यक पर्न सक्छ।

## NSW मा स्वैच्छिक सहायताप्राप्त मृत्यु

NSW मा स्वैच्छिक सहायताप्राप्त मृत्यु प्रक्रियामा **११ चरणहरू** छन्। तपाईं कुनै पनि समयमा यो प्रक्रिया विराम गर्न वा रोक्न सक्नुहुन्छ।

**चरण १** — तपाईंले डाक्टरलाई स्वैच्छिक सहायताप्राप्त मृत्युको लागि **पहिलो अनुरोध** गर्नुहुन्छ।

**चरण २** — समन्वय गर्ने डाक्टरले **पहिलो मूल्याङ्कन** पूरा गर्छ।

**चरण ३** — अर्को डाक्टरले **परामर्श मूल्याङ्कन** गर्छ।

**चरण ४** — तपाईंले **लिखित घोषणा** पूरा गर्नुहुन्छ।

**चरण ५** — तपाईंले स्वैच्छिक सहायताप्राप्त मृत्युको लागि **अन्तिम अनुरोध** गर्नुहुन्छ।

**चरण ६** — तपाईंको समन्वय चिकित्सकले **अन्तिम समीक्षा** पूरा गर्छ।

**चरण ७** — तपाईंले आफ्नो डाक्टरको सहयोगमा **औषधि कसरी लिने भन्ने** निर्णय गर्नुहुन्छ।

**चरण ८** — तपाईंको डाक्टरले **औषधि अनुमोदनको लागि आवेदन दिनुहुन्छ**। स्वैच्छिक सहायताप्राप्त मृत्यु बोर्ड Voluntary Assisted Dying Board) ले अनुमोदन प्रदान गर्दछ

**चरण ९** — तपाईंको **डाक्टरले औषधि सिफारिस गर्छ**।

**चरण १०** — तपाईंले रोज्नु भएको समयमा तपाईंले **औषधि** लिनुहुन्छ वा तपाईंलाई दिईन्छ।

**चरण ११** — **मृत्यु प्रमाणपत्र** जारी गरिन्छ।

### NSW स्वैच्छिक सहायताप्राप्त मृत्यु हेरचाह नेभिगेटर सेवा (Voluntary Assisted Dying Navigation Service)

स्वैच्छिक सहायताप्राप्त मृत्युको बारेमा प्रश्नहरूको जवाफ दिने फोन सेवा हो।

यो सेवाले बिरामी र परिवार सहित सबैलाई सहयोग गर्नेछ।

सोमबार देखि शुक्रबार बिहान 8:30 बजे देखि बेलुका 4:30 बजे सम्म **1300 802 133** मा फोन गर्नुहोस्।

यो जानकारी Voluntary Assisted Dying Act 2022 अन्तर्गत स्वैच्छिक सहायताप्राप्त मृत्यु प्रक्रियाको प्रमुख चरणहरूको सारांश हो। यो सारांश केवल सूचक हो र बिरामीको व्यक्तिगत स्वैच्छिक सहायताप्राप्त मृत्यु प्रक्रियाको क्रममा उत्पन्न हुन सक्ने सबै परिदृश्यहरूलाई समेट्दैन।

# स्वेच्छिक सहायताप्राप्त मरण (११ चरणहरू)

## **चरण १:** पहिलो अनुरोध (तपाईंले डाक्टरलाई स्वेच्छिक सहायताप्राप्त मरणको लागि पहिलो अनुरोध गर्नुहुन्छ)

स्वेच्छिक सहायताप्राप्त मरण प्रक्रिया सुरु गर्न, तपाईंले मद्दत गर्न योग्य डाक्टरलाई औपचारिक अनुरोध गर्न आवश्यक छ। यसलाई 'पहिलो अनुरोध' भनिन्छ।

उदाहरणका लागि, डाक्टर तपाईंको सामान्य चिकित्सक (GP) वा विशेषज्ञ हुन सक्छ। तपाईंले मेडिकल अपोइन्टमेन्टको समयमा यो अनुरोध गर्नुपर्छ। यो आमनेसामने अपोइन्टमेन्ट वा भिडियो कन्फरेन्स अपोइन्टमेन्टमा हुन सक्छ जहाँ डाक्टरले तपाईंलाई हेर्न र सुन्न सक्छन्।

- तपाईंको अनुरोध स्पष्ट हुनुपर्छ र दोहोरो अर्थ लाग्ने हुनुहुँदैन। यसको मतलब डाक्टरले स्वेच्छिक सहायताप्राप्त मरणको लागि तपाईंले सोध्दै हुनुहुन्छ भनेर उहाँले बुझ्न सक्षम हुनुपर्दछ। यसलाई स्पष्ट पार्न तपाईंले "स्वेच्छिक सहायताप्राप्त मरण" भन्न सक्नुहुन्छ। यदि तपाईंलाई आफ्नो अनुरोध सञ्चार गर्न मद्दत चाहिन्छ भने तपाईंले सञ्चार उपकरण वा इशाराहरू पनि प्रयोग गर्न सक्नुहुन्छ। तपाईंले सोध्नुभएको कुरा उनीहरूले बुझेको सुनिश्चित गर्न डाक्टरले तपाईंसँग जाँच गर्न आवश्यक हुन सक्छ।
- यदि तपाईं सामान्य सोधपुछ गर्दै हुनुहुन्छ वा जानकारी माग्दै हुनुहुन्छ भने, यो पहिलो अनुरोध होइन।
- मात्र तपाईंले पहिलो अनुरोध गर्न सक्नुहुन्छ। तपाईंको तर्फबाट अरू कसैले पनि पहिलो अनुरोध गर्न सक्दैन।

तपाईंको पहिलो अनुरोध स्वीकार वा अस्वीकार गर्न सक्ने कुरा डाक्टरले तपाईंलाई बताउनेछन्। यसको मतलब तिनीहरूले प्रक्रियाको माध्यमबाट तपाईंलाई मद्दत गर्न सक्षम हुने वा नहुने भन्छन्।

सबै डाक्टरहरूले स्वेच्छिक सहायताप्राप्त मृत्यु सेवाहरू प्रदान गर्दैनन्। तपाईंको डाक्टरले तपाईंलाई सक्दिन भन्छ यदि तिनीहरूले स्वेच्छिक सहायताप्राप्त मृत्युलाई सहायता गर्दैनन् भने, यसलाई 'कर्तव्यनिष्ठ आपत्ति' भनिन्छ। यदि यो हुन्छ भने, डाक्टरले तपाईंलाई तुरुन्तै भन्नुपर्छ कि तिनीहरूले तपाईंको पहिलो अनुरोध अस्वीकार गर्छन् र तपाईंलाई स्वेच्छिक सहायताप्राप्त मृत्युमा पहुँच गर्न मद्दत गर्न सक्दैनन्।

डाक्टरले तपाईंलाई 'सक्दिन' यो कारणले पनि भन्न सक्छन् किनभने तिनीहरू योग्य छैनन् वा अनुरोध स्वीकार गर्न सक्षम छैनन्। यस्तो भएको हुन सक्छ किनभने तिनीहरू:

- डाक्टर भएको प्रशस्त समय भएको छैन वा सही योग्यताहरू छैन
- अनिवार्य प्रशिक्षण पूरा गरेका छैनन्, वा
- अन्य कारण छ (जस्तै उपलब्ध नहुनु)।

कर्तव्यनिष्ठ आपत्ति नभएका डाक्टरले:

- तिनीहरूले तपाईंको पहिलो अनुरोध स्वीकार गर्छन् वा अस्वीकार गर्छन् तपाईंलाई बताउनुपर्छ
  - तुरुन्तै, यदि तिनीहरू अनुरोध स्वीकार गर्न योग्य छैनन् भने, वा
  - अन्यथा तपाईंको अनुरोधको दुई व्यावसायिक दिनभित्र।
- तपाईंलाई यो 'पहिलो अनुरोध बिरामी जानकारी गाइड' दिनुपर्छ। उनीहरूले तपाईंको पहिलो अनुरोध स्वीकार वा अस्वीकार जे गरे पनि तपाईंलाई यो गाइड दिनुपर्छ।

यदि डाक्टरले तपाईंको पहिलो अनुरोध अस्वीकार गरेमा, तपाईंले अर्को डाक्टरलाई अनुरोध गर्न सक्नुहुन्छ। NSW स्वेच्छिक सहायताप्राप्त मृत्यु हेरचाह नेभिगेटर सेवाले तपाईंलाई अनुरोध स्वीकार गर्न सक्ने अर्को डाक्टर फेला पार्न मद्दत गर्न सक्छ (हेर्नुहोस् *'तपाईंलाई के जानकारी र सहायताहरू उपलब्ध छन्?'*)।

## **चरण २:** पहिलो मूल्याङ्कन (डाक्टरले पहिलो मूल्याङ्कन पूरा गर्छ)

एकचोटि डाक्टरले तपाईंको पहिलो अनुरोध स्वीकार गरेपछि, तिनीहरू तपाईंको **समन्वयकर्ता डाक्टर** बन्छन्।

यसको मतलब तिनीहरूले:

- तपाईंको लागि स्वेच्छिक सहायताप्राप्त मृत्यु प्रक्रिया सुरु र समन्वय (व्यवस्थापन) गर्नेछन्।
- तपाईं स्वेच्छिक सहायताप्राप्त मृत्युमा पहुँच गर्न योग्य हुनुहुन्छ कि भनेर मूल्याङ्कन गर्नेछन्। यसलाई 'पहिलो मूल्याङ्कन' भनिन्छ। पहिलो मूल्याङ्कन आमनेसामने अपोइन्टमेन्टमा हुन्छ।

तपाईंको समन्वय डाक्टरले यो सुनिश्चित गर्न आवश्यक छ कि तपाईंले स्वेच्छिक सहायताप्राप्त मरणका लागि सबै योग्यता मापदण्डहरू पूरा गर्नुभएको छ माथिको *'NSW मा स्वेच्छिक सहायताप्राप्त मरणका लागि को योग्य छ' ('Who is eligible for voluntary assisted dying in NSW')* हेर्नुहोस्)। यसमा निम्न कुराहरू समावेश हुन सक्छन्:

- तपाईंको उमेरको प्रमाण माग्ने
- अष्ट्रेलियाको नागरिकता, स्थायी निवास वा NSW मा बसेको प्रमाण माग्ने
- तपाईंको चिकित्सा इतिहास, चिकित्सा अवस्था र स्वेच्छिक सहायताप्राप्त मृत्युमा पहुँचको लागि तपाईंको अनुरोधको बारेमा प्रश्न सोध्ने।

समन्वयकर्ता डाक्टरलाई मद्दत गर्न सक्ने कागजातहरूमा तपाईंको NSW सवारी इजाजतपत्र, अष्ट्रेलियाली राहदानी, बैंक स्टेटमेन्ट र तपाईंको आवासीय ठेगाना देखाउने उपयोगिता बिलहरू समावेश छन्।

यदि तपाईं **योग्य हुनुहुन्न**भने, तपाईंको समन्वय चिकित्सकले तपाईंलाई सहयोग गर्न किन र के गर्न सक्छन् भनेर व्याख्या गर्नेछन्।

यदि तपाईं **योग्य हुनुहुन्छ**भने, तपाईंको समन्वय चिकित्सकले तपाईंलाई स्वेच्छिक सहायताप्राप्त मृत्यु प्रक्रियाको बारेमा केही थप जानकारी प्रदान गर्नेछन्, र तपाईंलाई तपाईंको उपशामक हेरचाह र उपचार विकल्पहरूको बारेमा थाहा छ कि भनेर जाँच गर्नेछन्। तपाईं अर्को चरणमा पनि जान सक्नुहुन्छ।

## **चरण ३:** परामर्श मूल्याङ्कन (अर्को डाक्टरले परामर्श मूल्याङ्कन गर्छन्)

समन्वय गर्ने चिकित्सकले स्वेच्छिक सहायताप्राप्त मृत्युमा पहुँच गर्न तपाईंको योग्यतामा दोस्रो राय प्रदान गर्न अर्को योग्य डाक्टर (उनीहरूसँग स्वतन्त्र) लाई अनुरोध गर्नेछन्। तपाईंले यो डाक्टरलाई खोज्न आवश्यक छैन – समन्वय गर्ने चिकित्सकले तपाईंको लागि यो गर्नेछन्।

यो डाक्टर एक मान्यताप्राप्त चिकित्सक हो जसलाई 'परामर्शदाता चिकित्सक' भनिन्छ। परामर्शदाताले 'परामर्श मूल्याङ्कन' गर्नेछन्। परामर्श मूल्याङ्कनमा पहिलो मूल्याङ्कन जस्तै चरणहरू समावेश हुन्छन्।

तपाईंलाई अर्को मूल्याङ्कन आवश्यक पर्ने कारण यो हो कि दुई डाक्टरहरूले तपाईं स्वेच्छिक सहायताप्राप्त मरणमा पहुँच गर्न योग्य हुनुहुन्छ भनेर जाँच गर्न आवश्यक छ। यसले यो सुनिश्चित गर्दछ कि स्वेच्छिक सहायताप्राप्त मृत्यु तपाईंको लागि उपयुक्त र कानुनी विकल्प हो। परामर्श मूल्याङ्कन आमनेसामने मूल्याङ्कन हो।

तपाईंको एक वा दुवै मूल्याङ्कन गर्ने डाक्टरहरूले अर्को स्वास्थ्यकर्मी वा विशेषज्ञ (जस्तै मनोचिकित्सक वा मनोवैज्ञानिक) लाई तपाईंले निश्चित योग्यता मापदण्ड पूरा गर्नुभएको छ कि छैन भनेर सल्लाहको लागि अनुरोध गर्न सक्छन्। यदि तपाईं स्वेच्छिक सहायताप्राप्त मरणको लागि योग्य हुनुहुन्छ कि भनेर निर्णय गर्न तपाईंको मूल्याङ्कन गर्ने डाक्टरहरूलाई थप जानकारी चाहिन्छ भने यस्तो हुन सक्छ।

## **चरण ४:** लिखित घोषणा (तपाईंले लिखित घोषणा पूरा गर्नुहुन्छ)

यदि समन्वयकर्ता र परामर्शदाता दुवैले तपाईं स्वेच्छिक सहायताप्राप्त मरणको लागि योग्य हुनुहुन्छ भन्ने पत्ता लगाउँछन्, र तपाईं प्रक्रिया जारी राख्न चाहनुहुन्छ भने, तपाईंले लिखित घोषणा गर्न आवश्यक छ। यसको अर्थ तपाईंले स्वेच्छिक सहायताप्राप्त मृत्युमा पहुँच गर्न चाहनुहुन्छ भनेर लिखित रूपमा फाराम भर्नु हो।

या त समन्वय वा परामर्श चिकित्सकले तपाईंलाई भर्नका लागि घोषणा फाराम दिनेछन्। धेरैजसो मानिसहरूका लागि यो तपाईंले हस्ताक्षर गर्न आवश्यक पर्ने भौतिक कागज हुनेछ।

लिखित घोषणामा तपाईंको समन्वय चिकित्सक वा परामर्शदाताको अगाडि हस्ताक्षर गर्न आवश्यक छैन। तपाईं यसलाई घरमा वा आफ्नो छनौटको अर्को स्थानमा हस्ताक्षर गर्न सक्नुहुन्छ। यदि तपाईंले फाराम हराउनुभयो भने, तपाईंले NSW स्वेच्छिक सहायताप्राप्त मरण हेरचाह नेभिगेटर सेवालाई अर्कोको लागि कल गर्न सक्नुहुन्छ (हेर्नुहोस् *'तपाईंलाई के जानकारी र सहायताहरू उपलब्ध छन्?'*)।

तपाईंले दुई व्यक्तिको अगाडि (जसलाई 'साक्षीहरू' भनिन्छ) यो फाराम भर्नु र हस्ताक्षर गर्नु आवश्यक छ।

निम्न व्यक्तिहरू साक्षीहरू बस्नु हुँदैन:

- बच्चा (१७ वर्ष र मुनिका)
- परिवारको सदस्य (विस्तारित परिवार जस्तै सौतेनी भाइ, सौतेनी आमाबाबु वा सौतेनी बच्चाहरूलगायत)
- तिनीहरू तपाईंको इच्छापत्रमा लाभार्थी छन् भन्ने थाहा पाउनु वा विश्वास गर्नु
- तिनीहरूले तपाईंको मरणबाट आर्थिक वा अन्य कुनै भौतिक तरिकाको लाभ उठाउन सक्छन् भन्ने थाहा पाउनु वा विश्वास गर्नु
- तपाईंको समन्वय गर्ने चिकित्सक वा परामर्शदाता हुन्
- परिवारको सदस्य वा तपाईंको समन्वय गर्ने चिकित्सक वा परामर्शदाताको कर्मचारी हुन्।

तपाईंले साक्षी हुन कसलाई अनुरोध गर्न सक्नुहुन्छ भन्नेबारेमा तपाईं आफ्नो समन्वय गर्ने चिकित्सकसँग कुरा गर्न सक्नुहुन्छ।

यदि तपाईं कागजातमा हस्ताक्षर गर्न असमर्थ हुनुहुन्छ भने, तपाईं आफ्नो तर्फबाट हस्ताक्षर गर्न अर्को वयस्कलाई अनुरोध गर्न सक्नुहुन्छ। यसो गर्नको लागि, सो व्यक्तिले तपाईंको लागि हस्ताक्षर गर्दा तपाईं र तपाईंका दुई साक्षीहरू तपाईंसँग हुनुपर्छ। तपाईंको तर्फबाट हस्ताक्षर गर्ने व्यक्ति तपाईंको साक्षी, तपाईंको समन्वय व्यवसायी वा तपाईंको परामर्शदाता हुन सक्दैन।

यदि तपाईं शारीरिक रूपमा घोषणापत्रमा हस्ताक्षर गर्न सक्नुहुन्न भने तपाईं विद्युतीय रूपमा पनि हस्ताक्षर गर्न सक्षम हुन सक्नुहुन्छ र सामान्यतया तपाईंले यसै गर्नुहुन्छ।

यदि तपाईं स्वेच्छिक सहायताप्राप्त मरण प्रक्रियाको अर्को चरणमा जान चाहनुहुन्छ भने, तपाईंले आफ्नो समन्वय चिकित्सकलाई पूरा गरिएको लिखित घोषणा फाराम दिनुपर्छ।

## **चरण ५:** अन्तिम अनुरोध (तपाईंले स्वेच्छिक सहायताप्राप्त मरणको लागि अन्तिम अनुरोध गर्नुहुन्छ)

यदि तपाईं लिखित घोषणा पूरा गर्नुहुन्छ र प्रक्रिया जारी राख्न चाहनुहुन्छ भने, तपाईंले 'अन्तिम अनुरोध' गर्न आवश्यक छ। यो अनुरोध तपाईंको समन्वय गर्ने चिकित्सकलाई गरिनु पर्छ। तपाईं यस चरणमा स्वेच्छिक सहायताप्राप्त मरणमा पहुँच गर्न चाहनुहुन्छ भनेर तपाईं स्पष्ट हुनु आवश्यक छ।

### तपाईंले अन्तिम अनुरोध कहिले गर्न सक्नुहुन्छ?

तपाईंले आफ्नो अन्तिम अनुरोध कहिले गर्न सक्नुहुन्छ भन्नेबारे नियमहरू छन्। यो तपाईंलाई आफ्नो निर्णयबारेमा सोच्न समय दिन र तपाईंले आफ्नो विचार परिवर्तन गर्नुभएको छैन भनेर जाँच्नको लागि हो।

**'तोकिएको अवधि'** समाप्त नभएसम्म अन्तिम अनुरोध गर्न सकिँदैन। स्वेच्छिक सहायताप्राप्त मरण ऐन २०२२ ले बिरामीको अन्तिम अनुरोधको सम्बन्धमा 'तोकिएको अवधि' को अर्थ परिभाषित गर्दछ, त्यो अवधि:

- बिरामीले पहिलो अनुरोध गरेको दिनबाट सुरु हुन्छ, र
- त्यो दिनपछि ५ दिन भएको दिनमा समाप्त हुन्छ।

तपाईंको लागि यसको अर्थ के हो:

- तपाईंले आफ्नो अन्तिम अनुरोध गर्नुअघि तपाईंले आफ्नो पहिलो अनुरोध गरेको दिनदेखि कम्तिमा ६ दिन पर्खनु पर्नेछ

**र**

- तपाईंको परामर्श मूल्याङ्कन पूरा भएको सोही दिनमा तपाईंले आफ्नो अन्तिम अनुरोध गर्न सक्नुहुन्न। तपाईंले आफ्नो परामर्श मूल्याङ्कन पूरा भएपछि कम्तिमा एक दिन पर्खनु पर्छ। त्यसपछि तपाईंले अर्को दिनदेखि अन्तिम अनुरोध गर्न सक्नुहुन्छ।

# तोकिएको अवधिको उदाहरण (समयसीमा)

यो उदाहरण केवल दृष्टान्त उद्देश्यका लागि प्रयोग गरिन्छ, यो कुरालाई ध्यानमा राख्दै कि तपाईं प्रक्रियामा जान चाहँदा जति पनि समय लिन सक्नुहुन्छ।

| दिन १ | दिन २ | दिन ३ | दिन ४ | दिन ५ | दिन ६ | दिन ७ |
|---|---|---|---|---|---|---|
| **१ जुलाई** | **२ जुलाई** | **३ जुलाई** | **४ जुलाई** | **५ जुलाई** | **६ जुलाई** | **७ जुलाई** |
| पहिलो अनुरोध गरिएको | | | | | परामर्श मूल्याङ्कन अन्तिम अनुरोध गर्नुभन्दा कम्तिमा एक दिनअघि हुनुपर्दछ | अन्तिम अनुरोध यस मितिदेखि गर्न सकिन्छ |

संकेत: गुलाबी छायाँले यस उदाहरणमा तोकिएको अवधिको अवधिलाई संकेत गर्दछ।

यदि समन्वय गर्ने चिकित्सक र परामर्शदाताले तोकिएको अवधि समाप्त हुनुअघि बिरामीको मृत्यु हुन सक्छ वा निर्णय लिने क्षमता गुमाउन सक्छ भन्नेमा सहमत भएमा, तोकिएको अवधि समाप्त हुनुअघि बिरामीले अन्तिम अनुरोध गर्न सक्छ। यदि यो तपाईंको केसमा लागू हुन्छ भने, तपाईंको समन्वय चिकित्सकले तपाईंसँग यसबारे छलफल गर्नेछन्।

अन्तिम अनुरोध गरेपछि, समन्वय गर्ने चिकित्सकले 'अन्तिम समीक्षा' प्रक्रिया सुरु गर्नेछन्।

# **चरण ६:** अन्तिम समीक्षा (तपाईंको डाक्टरले अन्तिम समीक्षा पूरा गर्छन्)

तपाईंले अन्तिम अनुरोध गरेपछि समन्वय गर्ने चिकित्सकले अन्तिम समीक्षा गर्नेछन्। तपाईंले यस चरणको लागि केही गर्न आवश्यक छैन, जबसम्म तपाईंको समन्वय गर्ने चिकित्सकले तपाईंलाई कुनै प्रश्नहरूको साथ सम्पर्क गर्दैनन्।

समन्वय गर्ने चिकित्सकले निम्न कुराहरू सुनिश्चित गर्न आवश्यक छ:

- सबै कागजी कार्य र प्रक्रियाहरू पूर्ण र कानुनी रूपमा सही छन्
- तपाईंसँग अझै पनि स्वेच्छिक सहायताप्राप्त मरणको सम्बन्धमा निर्णय लिने क्षमता छ
- यो तपाईंको निर्णय हो, र कसैले तपाईंलाई दबाब दिइरहेको छैन
- तपाईं अझै पनि स्वेच्छिक सहायताप्राप्त मरणमा पहुँच चाहनुहुन्छ, र तपाईं बुझ्नुहुन्छ कि यसले तपाईंको मृत्यु निम्त्याउनेछ।

## **चरण ७:** औषधिको निर्णय (तपाईंले औषधि कसरी लिने भन्ने निर्णय गर्नुहुन्छ)

अन्तिम समीक्षा पूरा भएपछि, यदि तपाईं जारी राख्न चाहनुहुन्छ भने तपाईंले आफ्नो जीवन समाप्त हुने औषधि कसरी लिन चाहनुहुन्छ भनेर सोच्नु आवश्यक छ।

यो कदमलाई 'औषधि लिने निर्णय' ('administration decision') भनिन्छ। यो तपाईंको समन्वय गर्ने चिकित्सकसँग आमनेसामने भेटघाटमा हुनुपर्दछ। यो भिडियो कन्फरेन्स अपोइन्टमेन्टमा वा फोनमा छलफल वा निर्णय गर्न सकिँदैन। यो किनभने यसमा तपाईंले औषधि कसरी लिने भन्नेबारेमा कुरा गर्नुहुनेछ। कानुनले भन्छ कि छलफल आमनेसामने हुनुपर्छ।

तपाईंले आफ्नो समन्वय गर्ने चिकित्सकसँग निर्णय गर्न आवश्यक छ यदि तपाईं निम्न चाहनुहुन्छ भने:

- औषधि आफैँ लिन (स्व-सेवन), वा
- डाक्टर वा नर्स चिकित्सकले तपाईंलाई औषधि (चिकित्सकद्वारा दिने) दिने।

तपाईंले कुनै पनि समयमा यो निर्णय खारेज गर्न सक्नुहुन्छ (आफ्नो विचार बदल्न सक्नुहुन्छ)। यदि तपाईंले औषधि कसरी लिने भन्नेबारेमा निर्णय परिवर्तन गर्नुभयो भने, तपाईंले आफ्नो समन्वय चिकित्सकसँग परामर्श गर्नुपर्छ।

तपाईंको समन्वय गर्ने चिकित्सक प्रक्रियाको अर्को चरणमा जानुअघि तपाईंले औषाधि लिने निर्णय लिनु पर्छ।

## यदि तपाईंले स्वयं-सेवन रोज्नुभयो भने

तपाईंले आफैँ औषधि लिनु पर्छ। औषधि आफैं लिनको लागि, तपाईंले अरू कसैको मद्दतबिना नै यसलाई निल्न सक्षम हुनुपर्दछ। यदि तपाईंसँग PEG (percutaneous endoscopic gastrostomy) वा NG ट्यूब (nasogastric tube) छ भने, तपाईं यसको माध्यमबाट पनि औषधि लिन सक्नुहुन्छ। तपाईं आफैँले यो गर्न सक्षम हुनुपर्दछ। तपाईं आफ्नो समन्वय गर्ने चिकित्सकसँग तपाईंको लागि के सही छ भनेर कुरा गर्न सक्नुहुन्छ।

यदि तपाईंले स्व-सेवन रोज्नुभयो भने, तपाईंले यस भूमिकामा कार्य गर्न सहमत हुने सम्पर्क व्यक्तिलाई मनोनयन गर्नुपर्छ। यो सम्पर्क व्यक्ति कुनै पनि वयस्क (१८ वर्ष र माथिको) हुन सक्छ।

- परिवारका सदस्य वा साथी
- तपाईंको 'समन्वय गर्ने चिकित्सक'
- तपाईंको 'परामर्शदाता'
- अर्को दर्तावाल स्वास्थ्य चिकित्सक

तपाईंको सम्पर्क व्यक्तिले:

- विशेष परिस्थितिहरूमा अधिकृत आपूर्तिकर्ताबाट स्वेच्छिक सहायताप्राप्त मरणको औषधि प्राप्त गर्न सक्छ
- यसलाई तयार गर्न वा तपाईंलाई आपूर्ति गर्न मद्दत गर्नको लागि तपाईंको लागि स्वेच्छिक सहायताप्राप्त मरणको औषधी राख्न र भण्डार गर्न सक्छ।

तपाईंको सम्पर्क व्यक्तिले:

- कुनै विशेष अस्पतालको फार्मेसीमा 'मान्यताप्राप्त डिस्पोजर' भनिने व्यक्तिलाई कुनै पनि प्रयोग नगरिएको वा बाँकी औषधि फिर्ता गर्नुपर्छ:
  - तपाईं मर्नु हुन्छ, वा
  - तपाईंले आफ्नो विचार परिवर्तन गर्नुभएको आफ्नो समन्वय चिकित्सकलाई बताएर औषधि स्व-सेवन गर्ने तपाईंको निर्णय खारेज गर्नुहुन्छ
- यदि तपाईं मरण अंगाल्नुहुन्छ भने तपाईंको समन्वय चिकित्सकलाई भन्नुहोस्। यदि तपाईं स्वेच्छिक सहायताप्राप्त मरणको औषधि लिँदा मर्नुभयो वा यदि तपाईं औषधि नलिई मर्नुभयो भने तिनीहरूले यो गर्न आवश्यक छ।

तपाईंको सम्पर्क व्यक्तिले उनीहरूको जिम्मेवारीहरूको बारेमा NSW स्वेच्छिक सहायताप्राप्त मरण बोर्डबाट सम्पर्क व्यक्तिको रूपमा जानकारी प्राप्त गर्नेछन् (तल थप जानकारी)।

तपाईंको समन्वय गर्ने चिकित्सकले तपाईंलाई पूरा गर्नको लागि फाराम दिनेछन् र तपाईंले आफ्नो सम्पर्क व्यक्ति छनौट गर्नुहुनेछ। यसलाई ***सम्पर्क व्यक्ति अपोइन्टमेन्ट फाराम (Contact Person Appointment Form)*** भनिन्छ।

अधिकांश मानिसहरूको लागि, यो फाराम भौतिक कागज हो। तपाईं र सम्पर्क व्यक्ति दुवैले यो फाराम भर्नु र हस्ताक्षर गर्नु आवश्यक छ। केही व्यक्तिहरूले इलेक्ट्रोनिक रूपमा फाराममा हस्ताक्षर गर्न सक्छन्। यदि तपाईं यो गर्न सक्नुहुन्छ भने तपाईंको समन्वय चिकित्सकले तपाईंलाई बताउनेछन्। यदि तपाईं यो फाराम भर्न र हस्ताक्षर गर्न सक्नुहुन्न भने, तपाईंले आफ्नो तर्फबाट हस्ताक्षर गर्न अरू कसैलाई अनुरोध गर्न सक्नुहुन्छ। तिनीहरूले तपाईंको अगाडि यो हस्ताक्षर गर्नुपर्छ।

एकचोटि पूरा भएपछि, तपाईं वा तपाईंको सम्पर्क व्यक्तिले तपाईंको समन्वय चिकित्सकलाई फाराम फिर्ता दिनुपर्छ। तिनीहरूले फारामको प्रतिलिपि NSW स्वेच्छिक सहायताप्राप्त मरण बोर्डलाई दिनेछन्। तपाईंको समन्वय गर्ने चिकित्सक प्रक्रियाको अर्को चरणमा जानुअघि यो हुनु पर्छ।

***सम्पर्क व्यक्ति अपोइन्टमेन्ट फाराम*** प्राप्त गरेको पाँच कामकाजी दिनभित्र, NSW स्वेच्छिक सहायताप्राप्त मरण बोर्डले तपाईंको सम्पर्क व्यक्तिलाई जानकारी पठाउनेछ। यसले व्याख्या गर्नेछ:

- केही परिस्थितिहरूमा, तिनीहरूले कुनै विशेष अस्पताल वा फार्मेसीमा 'मान्यताप्राप्त डिस्पोजर' भनिने व्यक्तिलाई प्रयोग नगरिएको वा बाँकी औषधि फर्काउनु पर्छ
- सम्पर्क व्यक्तिले कानूनको पालना नगरेमा जरिवाना हुनेछ
- सम्पर्क व्यक्तिलाई मद्दत गर्न उपलब्ध सहायता सेवाहरू।

यदि तपाईंले आफ्नो सम्पर्क व्यक्ति परिवर्तन गर्ने निर्णय गर्नुभयो भने तपाईंले आफ्नो समन्वय चिकित्सकलाई भन्नुपर्छ। यदि तपाईंको सम्पर्क व्यक्तिले यो भूमिका निर्वाह जारी राख्न अस्वीकार गरेमा पनि तपाईंले आफ्नो समन्वय चिकित्सकलाई  सो कुरा भन्नुपर्छ। तपाईंले सकेसम्म चाँडो नयाँ सम्पर्क व्यक्ति छनौट गर्नुपर्नेछ।

## यदि तपाईंले चिकित्सकद्वारा औषधि दिने विकल्प रोज्नुहुन्छ भने

यदि तपाईंले यो विकल्प रोज्नुभयो भने, तपाईंलाई औषधि दिने व्यक्तिलाई 'औषधि दिने चिकित्सक' (administering practitioner) भनिन्छ।

धेरैजसो अवस्थाहरूमा, तपाईंको औषाधि दिने चिकित्सक तपाईंको समन्वय गर्ने चिकित्सक हुनेछ। यो अर्को डाक्टर वा एक नर्स चिकित्सक पनि हुन सक्छ जो एक मान्यताप्राप्त चिकित्सक हुन्। तपाईं आफ्नो समन्वय गर्ने चिकित्सकसँग छलफल गर्न सक्नुहुन्छ त्यो को हुनेछ भनेर।

तपाईंको औषधि दिने चिकित्सकले तपाईंलाई नसाको माध्यमबाट औषधि दिनेछ। नशाको माध्यमबाटको अर्थ सुई (क्यान्युला) तपाईंको शरीरको नशामा घुसाइनेछ। औषधि दिने चिकित्सकले यो पनि निर्णय गर्न सक्दछन् कि यदि तपाईंसँग कुनै नशाको अवस्थित लाइन छ भने वा PEG (percutaneous endoscopic gastrostomy) वा NG ट्यूब (nasogastric tube) को प्रयोग गर्नु राम्रो विकल्प हो। तपाईं आफ्नो औषधि दिने चिकित्सकसँग कुरा गर्न सक्नुहुन्छ कि कुन विकल्प तपाईंको लागि उत्तम छ।

# **चरण ८:** स्वेच्छिक सहायताप्राप्त मरण पदार्थको स्वीकृति लागि आवेदन दिने (तपाईंको डाक्टरले स्वेच्छिक सहायताप्राप्त मरण पदार्थ स्वीकृतिको लागि आवेदन दिनेछन्)

तपाईंले औषधिको निर्णय गरेपछि, तपाईंको समन्वय चिकित्सकले स्वेच्छिक सहायताप्राप्त मरणको पदार्थको स्वीकृतिको लागि आवेदन दिनेछन् (जसलाई यस गाइडमा "औषधिको स्वीकृति" भनिन्छ)।

यो आवेदन NSW स्वेच्छिक सहायताप्राप्त मरण बोर्डमा जान्छ। NSW स्वेच्छिक सहायताप्राप्त मरण बोर्ड स्वतन्त्र व्यक्तिहरूको समूह हो।

NSW स्वेच्छिक सहायताप्राप्त मरण बोर्डले स्वेच्छिक सहायताप्राप्त मृत्युका लागि सबै आवेदनहरूको समीक्षा गर्दछ। उनीहरूले सबै कागजातहरू प्राप्त भएको र सबै कानुनी आवश्यकताहरू पूरा भएको जाँच गर्छन्।

यदि सबै कुरा सही छ भने, तिनीहरूले औषधि अनुमोदन प्रदान गर्नेछन्। समन्वय गर्ने चिकित्सकले त्यसपछि तपाईंको जीवन समाप्त गर्न औषधिको लागि प्रिस्क्रिप्शन लेख्न सक्छन्।

तपाईंले यस चरणको लागि केही गर्न आवश्यक छैन।

## **चरण ९:** स्वेच्छिक सहायताप्राप्त मरण हुने औषधिको प्रिस्क्रिप्शन (तपाईंको डाक्टरले औषधिको प्रिस्क्रिप्शन गर्दछ)

स्वेच्छिक सहायताप्राप्त मरण हुने औषधिको प्रिस्क्रिप्शन NSW स्वेच्छिक सहायताप्राप्त मरण फार्मेसी सेवा (NSW Voluntary Assisted Dying Pharmacy Service) मा काम गर्ने 'अधिकृत आपूर्तिकर्ता' भनिने व्यक्तिहरूद्वारा मात्र प्रदान गर्न सकिन्छ।

समन्वय गर्ने चिकित्सकले प्रिस्क्रिप्शन सीधै अधिकृत आपूर्तिकर्तालाई पठाउनेछ।

तपाईंले यस चरणको लागि केही गर्न आवश्यक छैन।

## **चरण १०:** स्वेच्छिक सहायताप्राप्त मरण हुने औषधिको आपूर्ति र प्रयोग (तपाईंले औषधि लिने छनौट गरेको अवस्थामा र तपाईंले रोजेको समयमा तपाईं आफैँले औषधि सेवन गर्नसक्ने वा तपाईंलाई दिइने छ)

अधिकृत आपूर्तिकर्ताले तपाईंलाई प्रिस्क्रिप्शनबिना औषधि दिन सक्दैन। एकचोटि उनीहरूले प्रिस्क्रिप्शन प्राप्त गरेपछि, फार्मासिष्टले प्रिस्क्रिप्शन जाँच गर्दछन्। तिनीहरूले यो कानूनी र प्रामाणिक (सक्कली) छ भनेर सुनिश्चित गर्न यसो गर्छन्।

तपाईंले लिन चाहन्छु भनेर निर्णय नगरेसम्म अधिकृत आपूर्तिकर्ताले तपाईंलाई औषधि दिने छैन।

स्वयं-सेवनको लागि:

- तपाईं औषधि लिन तयार हुँदा तपाईंले NSW स्वेच्छिक सहायताप्राप्त मृत्यु फार्मेसी सेवालाई सम्पर्क गर्न आवश्यक हुनेछ।
- अधिकृत आपूर्तिकर्ताले तपाईंलाई सीधै औषधि डेलिभर गर्नेछ। तिनीहरूले तपाईंलाई औषधी कसरी भण्डारण गर्ने, तयारी गर्ने र लिने भन्नेबारे लिखित जानकारीसहित धेरै सहयोग प्रदान गर्नेछन्।

चिकित्सकद्वारा दिइने औषधिको लागि:

- उनीहरूले तपाईंलाई औषधि दिनका लागि समय व्यवस्थित गर्न तपाईंले आफ्नो औषधि दिने चिकित्सकलाई फोन गर्नुपर्नेछ।
- अधिकृत आपूर्तिकर्ताले औषधि सीधै औषधि दिने चिकित्सकलाई डेलिभर गर्नेछ।

## **चरण ११:** मृत्युको सूचना (मृत्यु प्रमाणपत्र जारी गरिन्छ)

तपाईंको मृत्युपछि, डाक्टरले मृत्युको कारणको मेडिकल प्रमाणपत्र पूरा गर्दछ। मृत्युको कारणको मेडिकल प्रमाणपत्र अन्तिम मृत्यु प्रमाणपत्र होइन। यो एउटा कागजात हो जसले तपाईंको मृत्यु कसरी भयो भनेर बताउँछ। यदि तपाईं स्वेच्छिक सहायताप्राप्त मरणको औषधि दिइसकेपछि वा सेवन गरिसकेपछि मर्नुभयो भने, तपाईंको मृत्युको कारणमा तपाईंको मेडिकल प्रमाणपत्रले सोहि भन्नेछ। यो कानुनअन्तर्गत भन्न आवश्यक छ। प्रमाणपत्रले तपाईंलाई स्वेच्छिक सहायताप्राप्त मृत्युको लागि योग्य बनाएको रोग, बिमारी वा चिकित्सा अवस्थाको नाम पनि दिनेछ।

जन्म, मृत्यु र विवाहको NSW रजिस्ट्रीको अन्तिम मृत्यु प्रमाणपत्रमा स्वेच्छिक सहायताप्राप्त मरणको बारेमा केही पनि समावेश गरिने छैन।

# मलाई कुन जानकारी र सहायताहरू उपलब्ध छन्?

तपाईंलाई सहयोग गर्न त्यहाँ सेवाहरू उपलब्ध छन्। यस प्रक्रियामा तपाईं एक्लो हुनुहुन्न। तपाईंको समन्वय गर्ने चिकित्सक तपाईंको प्रश्नहरूको जवाफ दिने सबैभन्दा राम्रो व्यक्ति हो। तपाईं आफ्नो स्वास्थ्य सेवा उपचार टोली वा NSW स्वेच्छिक सहायताप्राप्त मृत्यु हेरचाह नेभिगेटर सेवालाई पनि सम्पर्क गर्न सक्नुहुन्छ।

**NSW स्वेच्छिक सहायताप्राप्त मृत्यु हेरचाह नेभिगेटर सेवा** बिरामी र परिवारसहित सबैलाई सहयोग गर्न उपलब्ध छ। तपाईंले बोल्नुहुने मानिसहरूलाई 'केयर नेभिगेटरहरू' भनिन्छ। उनीहरूले निम्न कुराहरू गर्न सक्छन्:

- NSW मा स्वेच्छिक सहायताप्राप्त मरणको बारेमा सामान्य जानकारी प्रदान गर्न
- यस प्रक्रियामा तपाईंलाई मद्दत गर्न योग्य र उपलब्ध स्वेच्छिक सहायताप्राप्त मरणका चिकित्सकहरू खोज्न तपाईंलाई मद्दत गर्न
- तपाईंलाई अन्य सहयोगी स्रोतहरूमा पहुँच गर्न मद्दत गर्न।

केयर नेभिगेटर सेवालाई सम्पर्क गर्न:

- कल गर्नुहोस्: 1300 802 133 मा सोमबारदेखि शुक्रबार, बिहान 8:30 बजेदेखि साँझ 4:30 बजेसम्म (सार्वजनिक बिदाबाहेक)
- इमेल: *NSLHD-VADCareNavigator@health.nsw.gov.au*

तपाईंले **अनुवाद र दोभाषे सेवा (TIS National) लाई 131 450 मा** फोन गर्न सक्नुहुन्छ र यदि तपाईंलाई भाषा सहायता चाहिन्छ भने Voluntary Assisted Dying Care Navigator Service लाई अनुरोध गर्नुहोस्।

तपाईंको भाषामा स्रोतहरू सहित स्वेच्छिक सहायताप्राप्त मरणको बारेमा थप जानकारी NSW स्वास्थ्य वेबसाइटमा छ: *www.health.nsw.gov.au/vad-info*

## स्वेच्छिक सहायताप्राप्त मृत्यु प्रक्रियाको समयमा दोभाषेको प्रयोग

यदि तपाईंलाई सञ्चार सहायता चाहिन्छ भने तपाईंले स्वेच्छिक सहायताप्राप्त मरण प्रक्रियाको प्रत्येक चरणमा दोभाषे प्रयोग गर्न सक्नुहुन्छ। यदि तपाईंलाई दोभाषे चाहिन्छ भने, तपाईंको स्वीकृत चिकित्सा व्यवसायीले एउटा व्यवस्थित गर्नेछन्।

दोभाषे NSW स्वास्थ्य हेरचाह दोभाषे सेवा (NSW Health Care Interpreting Services) - (HCIS) वा अनुवादक र दोभाषेका लागि राष्ट्रिय मान्यता प्राधिकरण (National Accreditation Authority for Translators and Interpreters - NAATI) द्वारा मान्यता प्राप्त हुनुपर्छ। दोभाषे:

- तपाईंको परिवारको सदस्य हुनुहुन्न
- तिनीहरू तपाईंको इच्छापत्रमा लाभार्थी छन् भन्ने थाहा पाउनु हुन्न वा विश्वासमा हुनु हुन्न
- तिनीहरूले तपाईंको मृत्युबाट आर्थिक रूपमा वा कुनै अन्य भौतिक तरिकामा लाभान्वित हुनेछन् भन्ने थाहा पाउनुहुन्न वा विश्वास गर्नुहुन्न (उनीहरूको दोभाषे सेवाहरूको लागि उचित शुल्क प्राप्त गर्नुबाहेक)
- तपाईं बस्ने वा स्वास्थ्य सेवा प्राप्त गर्ने स्वास्थ्य सुविधाको मालिक वा प्रबन्धक हुनु हुन्न
- तपाईंलाई स्वास्थ्य सेवा वा हेरचाह सेवाहरू प्रदान गर्ने व्यक्ति हुनुहुन्न।

## जीवन अन्त्यको सहयोग

आफ्नो जीवनको अन्त्यको नजिक पुग्ने मानिसहरूलाई विभिन्न स्तरको हेरचाह र सहयोग चाहिन्छ। यी समयमा आवश्यकताहरू परिवर्तन हुनेछन्। NSW Health वेबसाइटले NSW मा जीवनको अन्त्य र उपशामक हेरचाह स्रोतहरूको सूची प्रदान गर्दछ: [www.health.nsw.gov.au/palliativecare](www.health.nsw.gov.au/palliativecare)

अग्रीम हेरचाह योजनामा तपाईंको मूल्य, इच्छा र आवश्यकताहरूको बारेमा कुरा गर्ने लगायतका विषयहरू पर्छन्। यदि तपाईं गम्भीर बिरामी वा घाइते हुनुभयो र आफ्नो लागि बोल्न सक्नुभएन भने तपाईंले प्राप्त गर्न चाहनुभएको स्वास्थ्य हेरचाहको प्रकारलाई पनि यसले वर्णन गर्न सक्छ। अग्रीम हेरचाह निर्देशिकाले स्वेच्छिक सहायताप्राप्त मरणमा पहुँच गर्न यस गाइडमा वर्णन गरिएको प्रक्रियालाई प्रतिस्थापन गर्न सक्दैन।

थप जानकारी NSW Health वेबसाइटमा छ: [www.health.nsw.gov.au/patients/acp](www.health.nsw.gov.au/patients/acp)

## मानसिक स्वास्थ्य सहयोग

मृत्यु र स्वेच्छिक सहायताप्राप्त मरणको बारेमा कुरा गर्न गाह्रो र दुःखलाग्दो हुन सक्छ।

यदि तपाईंलाई सहायता चाहिन्छ भने यी निःशुल्क सेवाहरूमा कल गर्नुहोस्:

- लाइफलाइन (Lifeline) लाई 13 11 14 मा – संकटकालीन टेलिफोन सहायताको लागि २४ घण्टा खुला अनलाइन पनि छ: [www.lifeline.org.au](www.lifeline.org.au)
- Beyond Blue लाई 1300 22 4636 मा – संकटकालीन टेलिफोन सहायताको लागि २४ घण्टा खुला अनलाइन पनि छ: [www.beyondblue.org.au](www.beyondblue.org.au)
- पारसांस्कृतिक मानसिक स्वास्थ्य लाइन (Transcultural Mental Health Line) लाई 1800 648 911 मा – सोमबारदेखि शुक्रबार बिहान 9 बजेदेखि साँझ 4.30 बजेसम्म खुला रहनेछ। तपाईंको संस्कृति बुझ्ने र तपाईंको भाषामा कुराकानी गर्न सक्ने चिकित्सकहरूसँग कुरा गर्नुहोस्
- 13YARN लाई 13 92 76 मा – संकटकालीन टेलिफोन सहायताको लागि २४ घण्टा खुला। कुनै आदिवासी वा टोरेस स्ट्रेट आइल्याण्डर संकट समर्थकसँग Yarn मा कुरा गर्नसक्नुहुन्छ।
- मानसिक स्वास्थ्य लाइन (Mental Health Line) लाई 1800 011 511 मा – तपाईंलाई NSW स्वास्थ्य मानसिक स्वास्थ्य सेवाहरूसँग जोड्न २४ घण्टा खुला छ।

## क्षेत्रीय र ग्रामीण NSW मा बस्ने बिरामीहरूको लागि सहायता

एक्लो बिरामी यात्रा र आवास सहायता योजनाले तपाईंको यात्रा र आवास लागतको लागि NSW सरकारबाट आर्थिक सहायता प्रदान गर्दछ।

यदि तपाईं योग्यता आवश्यकताहरू पूरा गर्नुहुन्छ भने तपाईं स्वेच्छिक सहायताप्राप्त मृत्युसम्बन्धी अपोइन्टमेन्टहरूको योजनाको लागि योग्य हुन सक्नुहुन्छ।

एक्लो बिरामी यात्रा र आवास सहायता योजना (Isolated Patients Travel and Accommodation Assistance Scheme) वेबसाइटमा जानुहोस् वा थप जानकारीको लागि 1800 478 227 मा फोन गर्नुहोस्: [www.iptaas.health.nsw.gov.au/for-patients/voluntary-assisted-dying](www.iptaas.health.nsw.gov.au/for-patients/voluntary-assisted-dying)

## मेरो व्यक्तिगत जानकारी के हुन्छ?

यदि तपाईंले NSW मा स्वेच्छिक सहायताप्राप्त मृत्यु अनुरोध गर्नुभयो वा पहुँच गर्नुभयो भने NSW स्वेच्छिक सहायताप्राप्त मृत्यु बोर्ड तपाईंको गोपनीयताको सुरक्षा गर्न प्रतिबद्ध छ।

थप जानकारीको लागि, NSW Health वेबसाइटमा गोपनीयता कथन हेर्नुहोस्: *गोपनीयता कथन*।

## स्वेच्छिक सहायताप्राप्त मरणको लागि मेरो अनुरोधको बारेमा मैले कसलाई बताउनु पर्छ?

स्वेच्छिक सहायताप्राप्त मरणमा पहुँच गर्न तपाईंले कसलाई आफ्नो छनौटको बारेमा बताउनुहुन्छ भन्ने कुरा तपाईंले निर्णय गर्नुहुन्छ। तपाईंले यस प्रक्रियाको क्रममा अन्य व्यक्तिहरूबाट तपाईंलाई आवश्यक पर्ने कुनै पनि मद्दतको बारेमा सोच्नु पर्छ।

तपाईंलाई स्वेच्छिक सहायताप्राप्त मृत्युको लागि तपाईंको अनुरोधको बारेमा आफ्नो सामान्य समयको डाक्टरलाई बताउन प्रोत्साहित गरिन्छ। यदि तिनीहरू प्रक्रियामा संलग्न छैनन् भने पनि तपाईंले यो गर्नुपर्छ। यदि तपाईं आवासीय सुविधामा बस्दै हुनुहुन्छ भने, तपाईंले सुविधा प्रबन्धकलाई पनि भन्नुपर्छ।

## स्वेच्छिक सहायताप्राप्त मृत्यु प्रक्रियामा प्रतिक्रिया प्रदान गर्ने

स्वेच्छिक सहायताप्राप्त मृत्यु प्रक्रियामा संलग्न जो कोही (तपाईं, तपाईंको परिवार, साथीहरू वा हेरचाहकर्ताहरू, र चिकित्सकहरू) ले प्रक्रियाको बारेमा आफ्नो व्यक्तिगत अनुभव वा प्रतिक्रिया बाँड्न चाहन सक्छन्।

तपाईंले NSW Health वेबसाइटमा प्रतिक्रिया फाराम भरेर यो जानकारी प्रदान गर्न सक्नुहुन्छ:
*www.health.nsw.gov.au/patientconcerns/Pages/feedback.aspx*

## गुनासो जानकारी

यदि तपाई चिन्तित हुनुहुन्छ वा स्वेच्छिक सहायताप्राप्त मरण प्रक्रियाको साथ तपाईंको अनुभवको बारेमा गुनासो छ भने तपाईंले पहिले आफ्नो समन्वय चिकित्सकसँग कुरा गर्नुपर्छ यदि तपाईंसँग उक्त व्यक्ति छ भने।

यदि डाक्टरले तपाईंले सामान्य रूपमा प्राप्त गर्ने हेरचाह तपाईंले मर्नको लागि चिकित्सा सहायता माग्नु भएको कारणले रोक्छ भने यो *स्वेच्छिक सहायताप्राप्त मरण ऐन २०२२ (Voluntary Assisted Dying Act 2022)* को विरूद्ध हो। तपाईंले NSW मा व्यक्ति वा संस्थाहरूको बारेमा स्वास्थ्य हेरचाह उजुरी आयोग (Health Care Complaints Commission - HCCC) मा उजुरी गर्न सक्नुहुन्छ। थप जानकारी HCCC वेबसाइटमा पाउन सकिन्छ: *www.hccc.nsw.gov.au*

तपाईंले अष्ट्रेलियाली स्वास्थ्य व्यवसायी नियमन एजेन्सी (Australian Health Practitioner Regulation Agency - Ahpra) मा दर्ता भएका स्वास्थ्य व्यवसायीको आचरण वा प्रदर्शनको बारेमा चासो उठाउन सक्नुहुन्छ। थप जानकारी Ahpra वेबसाइटमा पाउन सकिन्छ: *www.ahpra.gov.au*

## आभार

यस गाइडका जानकारी जीवन अन्त्यको हेरचाह कार्यक्रमको (WA स्वास्थ्य विभाग) को संसाधनहरूमा आधारित छ। यो अनुमति लिएर प्रयोग गरिएको छ।



NSW
GOVERNMENT